आज मिति २०८०।०१।२१ गते विहीबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को १६ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. भूमि समस्या समाधान सम्बन्धी कार्य अगाडी बढाउने सम्बन्धमा ।
३. करार सेवामा कर्मचारी छनौट गर्ने सम्बन्धी प्रक्रिया सूचारु गर्ने सम्बन्धमा ।
४. धानको वीउ खरिद तथा वितरण सम्बन्धमा ।
५. वहुवर्षीय योजनाको माग सम्बन्धमा ।
६. कर्मचारीमाथी भएको दुर्व्यवहारको सम्बन्धमा ।
७. ईन्टरनेटको महशुल तिर्ने सम्बन्धमा ।
८. अमानतमा राजश्व संकलन गर्नेको खाजा खर्च भुक्तानी गर्ने सम्बन्धमा ।
९. व्यापार व्यवसाय दर्ता/नविकरण तथा जरिवाना छुट सम्बन्धमा ।
१०. कृषि विकास शाखाका कर्मचारी ईन्द्रनारायण शाहको सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या समाधानको लागि राष्ट्रिय भूमि आयोग र चौदण्डीगढी नगरपालिका वीच सम्झौता भई अव्यवस्थित जग्गहरुको लगत संकलन तथा नापजाँच गर्ने कार्य सञ्चालनमा रहेको छ । यस नगरपालिकाको भूमि सेवा केन्द्रबाट कार्य अगाडी बढाउन प्राविधिक र सहयोगी समेतका थप कर्मचारीको माग भई आएको हुँदा यस नगरपालिकाको भूमि इकाईमा विगतमा सेवा करारमा रही सन्तोषजनक रुपमा कार्य गरेका २ जना अमिन सहित तपसिल अनुसारका व्यक्तिहरुलाई मिति २०८०।०१।२४ गतेबाट लागूहुने गरी समान तहमा करार सेवामा कार्यरत अन्य कर्मचारीले खाईपाई आए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी सेवा करारमा कामकाजमा खटाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. विशाल आचार्य - अमिन
२. प्रकाशचन्द्र आचार्य - अमिन
३. अगेश मगर - फिल्ड सहयोगी
४. मिरा तामाङ - कार्यालय सहयोगी (भूमि इकाई)

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकाले मिति २०७९।१०।१७ गते सूचना प्रकाशन गरी विभिन्न पदहरुमा सेवा करारमा कर्मचारी नियुक्ति गर्ने प्रक्रिया सञ्चालन गरिरहेकोमा यस नगरपालिकाको मिति २०८०।०१।०३ गतेको निर्णय अनुसार उक्त कर्मचारी छनौट सम्बन्धिका कार्यहरु केही समयको लागि स्थगित गरिएकोले उक्त कर्मचारी छनौट सम्बन्धी परीक्षा कार्यक्रमहरु प्रक्रियागत रुपमा अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को कृषि तर्फको शसर्त अनुदान अन्तर्गत खाद्यान्न वालीको उन्नत बीउ उपयोगमा अनुदान शीर्षकमा रु.८,५०,०००।- रकम प्राप्त भएकोले यस नगरपालिकाको कृषि विकास शाखाको माग बमोजिम उक्त रकमबाट यस नगरपालिकाको १० वटै वडामा रहेका किसानहरुको माग वमोजिमका उन्नत जातका धानको बीउ उपलब्ध गराउन उपयुक्त हुने र धानको बीउ तत्काल बितरण गर्नुपर्ने समय भएकोले नेपाल सरकार अन्तर्गत सञ्चालित निकायहरुबाट धानको बीउ खरिद गरी ५० प्रतिशत अनुदानमा किसानहरुलाई वितरण गर्ने साथै १० वटै वडाबाट बीउको माग संकलन गरी कृषि शाखा मार्फत बीउ खरिद र वितरणको व्यवस्था मिलाउने सर्वसम्मत निर्णय पारित गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोशी प्रदेश सरकार बिराटनगरबाट एक निर्वाचन क्षेत्र एक बहुवर्षीय सडक योजना अन्तर्गत अमिनिखर्क, हडिया,पूर्वटोल ज्यामिरे, सातधारे हुँदै बेल्टार, बिरेन्द्र बजार, धाप्लाङ सडकको काम २० किलोमिटर सडकको काम धाप्लाङ खण्डमा सम्पन्न भएको र चालु आर्थिक वर्षमा उक्त ठेक्काको अवधि समेत समाप्त हुने तर सडक निर्माणको कार्य अधुरो रहने भएकोले पूर्वाधार विकास कार्यालय गाईघाटलाई आगामी आर्थिक वर्षमा अमिनिखर्क, हडिया,पूर्वटोल ज्यामिरे, सातधारे हुँदै बेल्टार, बिरेन्द्र बजार हुँदै वडा नं.८ को सडक खण्डमा सडक स्तरोन्नतीको कार्य गर्न आवश्यक बजेटको व्यवस्था गरिदिनहुन अनुरोध गर्ने र उक्त बहुवर्षीय महत्वपूर्ण सडक निर्माण कार्यको निरन्तरताको लागि आवश्यक बजेट सहितको व्यवस्था हुनको लागि कोशी प्रदेश सरकार र प्रदेश सभा सदस्य माननीय राजन किराँतीज्यू समेतलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै प्रदेश सरकारको समपुरक कोष मार्फत यस नगरपालिकाको विभिन्न वडाहरुमा सञ्चालित तपसिल बमोजिमका योजनाहरुको निरन्तरताको लागि समेत कोशी प्रदेश सरकार समक्ष बजेट व्यवस्थाको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. बर्षेडाँडा, बसाहाथान, नमुना चौक सडक कालोपत्रे निर्माण वडा नं. ४ ।

२. बेल्टार, सिर्वानी, बेलाहा, सिवाई सडक कालोपत्रे निर्माण वडा नं. ६, ५ ।

३. वडा नं. १० पानी ट्याङ्की देखि वडा कार्यालय हुँदै देबधार जाने सडक कालोपत्रे निर्माण वडा नं. १० ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ का वडा अध्यक्ष सहित वडा नं. ७ बाट आएको टोलिले मिति २०८०।०१।१७ गते कार्यालय समयमा कार्यालय प्रमुखको कार्यकक्षमा बसी प्राविधिक कर्मचारी समिर पौडेलमाथी दुर्व्यवहारपूर्ण ढंगबाट फेसबुक लाईभ प्रशारण गरी नगरपालिकाको गरिमामा आघात पुऱ्याउने कार्य गरेको घटनाप्रति कार्यपालिका बैठक दुःख प्रकट गर्दछ । साथै कर्मचारीहरुलाई मनोवल उच्च बनाई जनताको काम गर्ने वातावरण बनाउन पुनः यस्तो घटना नघटाउने समेत सर्वसम्मत रुपमा निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल दूरसञ्चार प्राधिकरण मार्फत २ वर्ष देखि निशुल्क रुपमा इन्टरनेट सेवा उपलब्ध गराउदै आएको टेकमाइण्ड्स नेटवर्क प्रा.लि.ले प्राधिकरणसँगको सम्झौताको अवधि सकिएकोले यस नगरपालिका तथा वडा कार्यालयहरुमा जडान गरिएको नेटको स:शुल्क नविकरणको लागि निवेदन दिएको र यस नगरपालिकाको १० वटै वडाहरुमा अनलाई घटना दर्ता गर्न इन्टरनेट अनिर्वाय आवश्यक हुने भएकोले तत्काल इन्टरनेट नविकरण गरी नेट सञ्चालन गर्ने व्यवस्थाको लागि यस नगरपालिकाको १० वटै वडाहरुबाट समेत अनुरोध भई आएकोले यस नगरपालिकाको संचार महशुल खर्च शीर्षकबाट नगरपालिका कार्यालय र १० वटै वडा कार्यालयहरुमा जडान भएको इन्टरनेटको वार्षिक महशुल तिरी इन्टरनेट सेवा सञ्चाल गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाबाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी,बालुवा) को कर संकलनको लागि खटाईएका व्यक्तिहरुको लागि खानाखाजा बापत दैनिक रु.५००।- का दरले रकम उपलब्ध गराउने भनि यस नगरपालिकाको मिति २०७९।०९।२४ गतेको नगर कार्यपालिका बैठकबाट निर्णय भएको हुँदा राजश्व शाखाको अभिलेख अनुसार अमानतमा राजश्व संकलन कार्यमा खटाइएका व्यक्तिहरुलाई खाना खाजा वापतको दैनिक रु.५००।- का दरले हुन आउने रकम यस नगरपालिकाको चालु तर्फको कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको नगरसभाबाट स्वीकृत आर्थिक ऐन, २०७९ बमोजिम सम्वन्धित निकायहरुमा दर्ता भई यस नगरपालिका क्षेत्रमा सञ्चालि पसल, मार्केट, पशु/कृषि समूह, उद्योग, संघसंस्था, फर्म/कम्पनीहरु लगाएतका व्यापार व्यवसायहरुको हकमा वार्षिक नविकरण गर्न र दर्ता नभई सञ्चालनमा रहेको फर्म तथा व्यवसायिक कारोबारहरु तत्काल दर्ता गर्न हुन साथै विगत आर्थिक वर्षहरुमा दर्ता भई नविकरण नभएका फर्म तथा पसलहरु तत्काल नविकरण गर्न गराउन सार्वजनिक सूचना प्रकाशन गर्ने र १ वर्ष वा सो भन्दा बढी समय देखि नविकरण नभएका फर्महरुको हकमा एक पटकको लागि जरिवाना दस्तुरमा छुट दिई नविकरण गर्ने गराउने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको कृषि विकास शाखाका कर्मचारी ईन्द्रनारायण शाहले नगरको नीति तथा कार्यक्रमको मर्म विपरित काम गर्ने, नगरलाई वदनाम गर्ने खालका गतिविधिहरु गर्ने र राष्ट्र सेवाक कर्मचारीमा हुनु पर्ने गुण र आचरण भन्दा बाहीर रहेर कार्यहरु गर्ने गरेको पाईएकोले निजलाई त्यस्ता कार्य नगर्न र सुधन पटक पटक मौका, सुझाव दिंदा समेत नगरपालिकाको सल्लाह सुझावलाई वेवास्ता गरेको पाईएकोले निजलाई आजकै मितिबाट लागूहुने गरी निजलाई शाखा प्रमुख लगाएत सबै जिम्मेवारीबाट हटाउने र निज जिम्मा रहेका जिन्सी तथा अन्य समाग्रीहरु समेत फिर्ता गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।